## लुम्बिनी प्रदेश सरकार

# गुल्मी अस्पताल, तम्घास

## सेवा करार पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०१।२५**

यस गुल्मी अस्पताल, तम्घासको लागि २०८२ असार मसान्तसम्मको लागि दरबन्दी करारमा ३ (तीन) जना मेडिकल अधिकृत पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बिज्ञापन सूचना तथा बिस्तृत विवरण https://gulmihospital.lumbini.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

नि. मे.सु.

# मुख्यमन्त्री आचार्य र स्विस राजदूतबीच शिष्टाचार भेटवार्ता

लमही (बुटवल टुडे), २४ बैशाख - लुम्बिनी प्रदेश का मुख्यमन्त्री चेतनारायण आचार्य र नेपालका लागि स्विजरल्याण्डका राजदूत डा. इयानिएल मेउलीबीच बुधबार शिष्टाचार भेटवार्ता भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, राप्ती उपत्यका (देउखुरी) मा सम्पन्न उक्त भेटमा मुख्यमन्त्री आचार्यले संघीयताको सुदृढीकरण तथा समावेशी विकासका लागि स्विस सरकार र साझेदार संघसंस्थाबीच थप सघन सहकार्य आवश्यक रहेको बताए प्रदेश सरकार आत्मनिर्भरतातर्फ अघि बढिरहेको उल्लेख गर्दै उनले स्वास्थ्य, शिक्षा र पूर्वाधारका क्षेत्रमा अझै पनि सहकार्यको खाँचो रहेको धारणा व्यक्त गरे। "यहाँहरूको तर्फबाट यी क्षेत्रहरूमा अहिलेसम्म गरिएको योगदानको सरकारले उच्च मूल्यांकन गर्छ। आगामी दिनमा पनि स्वास्थ्य, शिक्षा र पूर्वाधारलाई प्राथमिकतामा राखिनेमा हामी विश्वस्त छौं," मुख्यमन्त्री आचार्यले भने।



उनले द्वन्द्वका बेला दुवै पक्षबाट पीडित बनेको लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याएकोमा स्विस सरकारप्रति आभार व्यक्त गर्दै त्यस क्षेत्रको रणनीतिक योजना कार्यान्वयनमा सहयोगको आग्रह गरे। मुख्यमन्त्री आचार्यले मानसिक स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको व्यवस्थापन र निरन्तरताका लागि सहयोग आवश्यक रहेको पनि बताए।

राजदूत डा. मेउलीले स्विस सरकारले नेपालमा संघीय शासन प्रणालीको संस्थागत विकासका लागि प्रदेशको क्षमताविकासमा निरन्तर सहकार्य गरिरहेको जानकारी दिए। उनले सुरक्षित आप्रवासन, मानसिक स्वास्थ्य र प्राविधिक


## सामाजिक विकास मन्त्री र स्विजर राजदूतबीच भेटवार्ता

लमही (बुटवल टुडे) २४ बैशाख। नेपालका लागि स्विजरल्याण्डका राजदूत डा. डेनियल म्युलर र लुम्बिनी प्रदेश सरकारका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाबीच बुधबार मन्त्रालयमा शिष्टाचार भेटघाट भएको छ। भेटका क्रममा प्रदेशको समग्र सामाजिक विकास, विशेष गरी शिक्षाको गुणस्तर अभिवृद्धि, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन, तथा आपसी सहकार्यका सम्भावनाबारे विस्तृत छलफल गरिएको मन्त्री तिमिल्सिनाको सचिवालयले जनाएको छ। राजदूत म्युलरले स्विजरल्याण्ड सरकार शिक्षा क्षेत्रको सुधारमा सहयोग गर्न इच्छुक रहेको उल्लेख गरिना मन्त्री तिमिल्सिनाले म्युलरलाइ स्वागत गर्दै सहकर्यको लागि मर्न्तालय सधै सकारात्मक रहेको बताए। उनले लुम्बिनी प्रदेशको शिक्षा प्रणालीलाई प्रविधिमैत्री, रोजगारमुखी र समावेशी बनाउन प्रयास गरिरहेको बताउदै अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य रहेको धारणा बताए।

शिक्षामा प्राथमिकताका साथ काम भइरहेको बताउँदै प्राविधिक शिक्षाको पहुँच विस्तारमा आगामी दिनमा अझ सहकार्य हुन सक्ने धारणा राखे।"प्राविधिक शिक्षा र श्रम बजारबीचको समन्वय आवश्यक छ। यसका लागि प्रदेशस्तरमा प्राविधिक शिक्षा ऐन आवश्यक देखिएको छ," राजदूत मेउलीले भनिन्, "साना तथा मझौला व्यवसायको विकासका लागि पनि प्रदेश तहमा काम भइरहेको छ।"उक्त भेटमा लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, निमित्त प्रमुख सचिव ईश्वरराज पौडेलले सहभागीता थिए।

# नवीनमा विद्यार्थी अभिमुखीकरण

बुटवल (बुटवल टुडे), २४ बैशाख- नवीन औद्योगिक कदर बहादुर रीता मा.वि. देवीनगरमा २०८२ को भित्तेपात्रो विमोचन, नव आगन्तुक विद्यार्थी अभिमुखिकरण र वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ।



लुम्बिनी प्रदेश सभा सदस्य गिरिधारीलाल न्यौपानेले समाज निर्माणको प्रमुख आधार नै शिक्षा भएकोले शिक्षा बिनाको जीवन तेल बिनाको गाडी जस्तो हुने हुँदा नवीनमा भर्ना हुने विद्यार्थीहरूमा अनुशासन सहित शिक्षा प्रदान गर्ने भएकोले विद्यार्थीहरू सौभाग्यशाली भएको धारणा राखेका थिए। प्राध्यापक आनन्दमान शिंह शाक्यले विद्यार्थीहरूले कसरी अध्ययन गरे सफलता प्राप्त गर्न सकिन्छ भन्ने विषयमा प्रकास पार्दै विद्यार्थीहरूलाई सकारात्मक सोचबाट नै धेरै सफलता प्राप्त गर्न सकिनेमा जोड दिए।

बुटवल उपमहानगरपालिका शिक्षा शाखा प्रमुख उपनिर्देशक टिकाराम पन्थीले नेपालकै अब्बल विद्यालयमा भर्ना पाउन सफल भएकोमा समस्त नव आगन्तुक विद्यार्थीहरू भाग्यमानी भएको भन्दै नव आगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्दै उज्वल भविष्यको कामना गरे। बुटवल उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्री, मानस थकाली, विद्यालयका सहायक प्रधानाध्यापक रोमनाथ घिमिरे लगायतले आ आफ्नो भनाई राखेका थिए। विद्यालयका प्रधानाध्यापक प्रेम बहादुर बस्नेतले शैक्षिक सत्र २०८२ मा मन्टेश्वरी देखि ९ सम्म साधारण धार र कक्षा ९ सिभिल इन्जिनियरिङमा गरी ६६७ जना नयाँ विद्यार्थी भर्ना भएको विवरण पेश गरेका थिए।

# बजाजको फोटोग्राफी प्रतियोगिता

काठमाडौं (बुटवल टुडे), २४ बैशाख- बजाज नेपालले ह्वील्स अफ मेमेरी फोटोग्राफी प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरेको छ। यो प्रतियोगिताले राइडरहरू मात्र नभई नेपालको समृद्ध सांस्कृतिक पाटोलाई पनि सम्मान गरेको छ। प्रतियोगितामा नेपालभरिका बजाज राइडरहरूलाई १२ नेपाली महिनाहरू प्रतिनिधित्व गर्ने तस्बिरहरू शेयर गर्न आमन्त्रण गरिएको थियो। यो अभियानले




उल्लेख्य सहभागितासँगै बजाज र ग्राहकहरूबीचको बलियो सम्बन्धलाई नेपालका विभिन्न स्थान, समय र सन्दर्भ अनुसार अझै आत्मीय रूपमा झल्काउने अवसर प्रदान गरेको छ।

प्रतियोगितामा ७० भन्दा बढी सहभागीहरूबाट सिर्जनात्मक, कलात्मक र भावनात्मक तस्बिरहरू प्राप्त भएको छ।



## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/२५**

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई शितगंगा १२ पिरापानीमा घाटगद्दी गरी राखिएको साल जातको काठ ३६०.८३ क्यू.फि. जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री बाघमन्टे सामुदायिक वन उपभोक्ता समुह**
**शितगंगा न. पा. १२ अर्घाखाँची**

लुम्बिनी प्रदेश सरकार

## गुल्मी अस्पताल, तम्घास

### सेवा करार पदपूर्ती सम्वन्धी सूचना


**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०१।२५**

यस गुल्मी अस्पताल, तम्घासको लागि २०८२ असार मसान्तसम्मको लागि दरबन्दी करारमा ३ (तीन) जना मेडिकल अधिकृत पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। बिज्ञापन सूचना तथा बिस्तृत विवरण https://gulmihospital.lumbini.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

नि. मे.सु.



# एचआईभी सङ्क्रमितलाई पालिकाको आर्थिक सहायता



गुल्मी (बुटवल टुडे), २४ बैशाख- गुल्मीको सत्यवती गाउँपालिका यतिबेला एचआईभी सङ्क्रमितहरूको लागि आर्थिक सहायता प्रदान गरिएको छ। आर्थिक अभावका कारण उपचारका लागि सदरमुकाम तम्घास, पाल्पा र बुटवलमा रहेका एआरटी केन्द्रसम्म औषधि लिन जानुपर्ने २५ जना एचआईभी सङ्क्रमित लागि उक्त सहयोग प्रदान गरिएको हो। एचआईभी सङ्क्रमितहरूको पारिवारिक अवस्था अत्यन्तै कमजोर, न्यून आम्दानी एवं आर्थिक अभावका कारण एआरटी केन्द्रसम्म पुग्न नसक्दा कतिपयले औषधि लिन तथा स्वास्थ्य जाँच गराउन नसकेर बिचैमा छोड्नु पर्ने अवस्था थियो। उक्त समस्या समाधान गर्न गाउँपालिकाले उनीहरूको जीवन शैलीमा परिवर्तन ल्याउनका साथै पोषण स्थीतिमा सुधार ल्याउन वार्षिक रूपमा यातायात खर्च वापत लाग्ने रकम सहयोग गर्दै आएको गाउँपालिका अध्यक्ष टिकाराम पाण्डेले बताए।

जिल्लामा लामो समयदेखि एचआईभी सङ्क्रमितहरूको क्षेत्रमा काम गर्दै आएको हाम्रो जीवन प्लसद्वारा सङ्कलित तथ्याङ्क र व्यक्तिले दिएको निवेदनको आधारमा यातायात खर्चको रकम सम्बन्धित व्यक्तिको बैंक खातामा पठाईदिने व्यवस्था गरिएको अध्यक्ष पाण्डेले जानकारी दिए। गाउँपालिकाले यस वर्ष २५ जना एचआईभी सङ्क्रमितहरूका लागि उक्त रकम उपलब्ध गराईसकेको पालिकाका स्वास्थ्य शाखा प्रमुख हिमलाल भण्डारीले बताएका छन्। एचआईभी सङ्क्रमितहरू हरेक तीनतीन महिनामा स्वास्थ्य जाँच र औषधिका लागि अनिवार्य रूपमा एआरटी केन्द्रसम्म पुग्नुपर्ने हुन्छ। सत्यवती गाउँपालिकामा हाल ३६ जना एचआईभी सङ्क्रमित रहेपनि हाल २५ जनाले मात्र उक्त सहयोग लिएको पालिकाले जनाएको छ। कतिपय एचआईभी सङ्क्रमितहरू समाजमा खुल्न नचाहेका कारण सम्पर्कमा आउन नचाहेको स्वास्थ्य शाखा प्रमुख भण्डारीले बताए। हाम्रो जीवन प्लसले एचआईभी

उनीहरूले नियमित औषधि खाए नखाएको हेर्ने, परामर्श दिने, प्रेषण गर्ने (रिफर), लगायतका काम गर्दै आएको छ। त्यसका अतिरिक्त संस्थाले जन्मेदेखि १८ वर्षसम्मका एचआईभी सङ्क्रमित बालबालीकाहरूका लागि उनीहरूको शिक्षा र स्वास्थ्यमा राहत पुगोस भन्ने उद्देश्यले मासिक दुइ हजार रूपैयाँ सहयोग उपलब्ध गराउँदै आएको छ।

घर समुदायमा आधारित कार्यक्रम अनुसार हाल २७ जना सङ्क्रमित बालबालीकाहरूलाई उक्त सुविधा प्रदान गरिएको हाम्रो जीवन प्लसकी अध्यक्ष जुना ज्ञवाली जानकारी दिएकी छन्। उनले जिल्लामा सञ्चालनमा आईरहेको सामुदायीक हेरचाह केन्द बन्द भएपछि सङ्क्रमित सेवाग्राहीहरूको अबस्था यतिबेला थप समस्यामा परेको बताईन। जिल्लामा हाल तीन सय १२ जना एचआईभी सङ्क्रमितहरू रहेका छन्।



Lumbini Province Government
Ministry of Forest and Environment
Forest Directorate

## Soil and Watershed Management office

Tansen, Palpa

### Invitation for Online Bids

**Date of Publication:- 8 May 2025 (2082/01/25)**

Soil and Watershed management office, Palpa invites electronic bids from eligible bidders under PPMO'S e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO,S e-GP system www.bolpatra.gov.np/egp

| S. N. | Contract No. | Name Of Project | Estimated Amount exclusive VAT | Price of Bid Document NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | SCWMO/PAL/W/SQ/31/2081-082 | KARMAHAWA KARBALA MA RAHEKO TAL SAUNDARYAKARAN TATHA RETAINING WALL NIRMAN | 854811.15 | 1000.00 | 25000.00 |
| 2 | SCWMO/PAL/W/SQ/32/2081-082 | SHREENAGAR DADA PARK NIRMAN TANSEN PALPA | 1709393.17 | 1000.00 | 50000.00 |

Invitation for Bids

## Butwal Sub-Metropolitan City
## Office of the Municipal Executive

Butwal, Rupandehi
Lumbini Province, Nepal

### Invitation for Bid

**Date of Publication: 2082/01/25 B.S.**

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S. N | Contract No. | Description of works | Estimate Amount (excluding VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 65/081-82/BSMC/GOODS/SQ | Jibraj Asrit Smiriti pratisthan ko pustakalaya tatha bhautik samagri byabasthapan, Butwal-07, Rupandehi | 817,384.01 | 20,000.00 | 1,000.00 | 2082/02/09 B.S Time up to 12.00hrs | 2082/02/09 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

## श्री सालझण्डी माध्यमिक विद्यालय

सैनामैना - १०, झिमझिमिया, रूपन्देही

### शिक्षक आवश्यकता

**सूचना प्रकाशि मिति: २०८२।०१।२३**

प्रस्तुत विषय सम्बन्धमा यस श्री सालझण्डी मा. वि. को वि. व्य. स. को मिति २०८२/०१/२३ गतेको निर्णय र शिक्षा विकास तथा समन्वय ईकाइ रुपन्देहीको चलानी नं १२७५ को प्राप्तः पत्रअनुसार यस विद्यालयमा मा. वि. तह नेपाली विषय अपाङ्ग राहत कोटा को लागी शिक्षक आवश्यक परेको हुदाँ तपसिल अनुसार योग्यता पुगेको नेपाली नागरिकले दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

तपसिल

**बिज्ञापन नं.:** ०२/२०८१/२०८२

**तह:** मा. वि. अपाङ्गता राहत शिक्षक

**संख्या:** १ जना  **विषय:** नेपाली

**योग्यता:** नेपाली विषयमा स्नातक तह उत्तिर्ण वा सो सरह

**तलब स्केल:** नेपाल सरकारको प्रचलित नियमानुसार

**उमेर:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**आवश्यक कागजातहरु:**

- नेपाली नागरिकताको प्रतिलिपी।
- शैक्षिक योग्यताको प्रतिलिपी।
- अध्यापन अनुमतिपत्रको प्रतिलिपी।
- हस्तलिखित निवेदन।
- नेपाल सरकारले उपलब्ध गराएको अपाङ्गता परिचय पत्र
- **परीक्षा दस्तुर:** २००० (दुई हजार मात्र)
- **परिक्षाको किसिम:** लिखित अन्तर्वाता आवश्यक भएमा प्रयोगात्मक शिक्षक सेवा आयोगको करार सुचीको उमेदवारको निवेदन परेमा स्वत छनौट हुने जानकारी गराइन्छ।

**आवेदन दिने अन्तिम मिति** :२०८२/०२/०६ गते विद्यालय समय भित्र।

**सम्पर्क नं.:** ९८४९०१८०७२ / ९८५७०४२४१२

प्रधानाध्यापक

## श्री शुभकामना आधारभूत विद्यालय

सुस्ता - ३, फेनहरा, नवलपरासी

### शिक्षक आवश्यकता

**सूचना प्रकाशित मिति: २०८२।०१।२५**

प्रस्तुत विषयमा सुस्ता गाउँपालिका कार्यालयको मिति २०८२।०१।२३ को च. नं...... को प्राप्त पत्रानुसार र विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०१।२४ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको शिक्षण सिकाई अनुदान कोटा नि.मा.वि. तह विषय गणित कोटा संख्या १ (एक) विज्ञापनद्वारा शिक्षक पदपुर्ति गर्नुपर्ने भएको हुदाँ तपसिलका योग्यता पुगेका ईच्छुक नेपाली नागरिक उम्मेदवारबाट तोकिएको शर्त सहित आवेदन दिनहुन सम्बन्धित सबैको लागि यो विज्ञापनको आव्हान गरिन्छ।

तपसिल:

१) **बिज्ञापन नं.** १/०८१/८२  २) **तह:** नि.मा.वि.
३) **पद:** शिक्षण सिकाई अनुदान कोटा संख्या १ करार  ४) **विषय:** गणित
५) **शैक्षिक योग्यता:** गणित मुल विषय लिई आई. एड. उत्तीर्ण भएको
६) **उमेर:** १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
७) **आवेदन दिने मिति:** २०८२।०१।२५ गते देखि २०८२।०२।०८ गते ४:०० बजे सम्म
८) **विज्ञापन दस्तुर:** २००० (दुई हजार मात्र) यस विद्यालयको एन. एम. बि. बैंकमा रहेको खाता नं. १०५०१४२६९३१०००१९ मा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्ने
९) परीक्षाको किसिम: लिखित र अन्तरवार्ता (आवश्यक भए प्रयोगात्मक)
१०) नेपाल सरकारले तोके बमोजिम नि.मा.वि. शिक्षक स्केल अनुसार
११) सम्पर्क मिति: २०८२।०२।०९ गते
१२) परीक्षा मिति सम्पर्कको दिन तोकिनेछ।

**आवश्यक कागजातहरु:**

१३. (क) हस्तलेखन आवेदन पत्र। (ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी २ थान। (ग) स्थायी अध्ययन अनुमतिपत्र २ थान। (घ) निरोगिता प्रमाणपत्रको प्रतिलिपी २ थान। (ङ) माथिल्लो योग्यता तथा कम्प्युटर सम्बन्धी जानकारी भएकोलाई विशेष

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**गुल्मी अस्पतालतम्घास, नेपाल**

**सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०१।२५**

यस गुल्मी अस्पताल तम्घासको लागि स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशबाट स्वीकृती तथा प्रस्तावित दरबन्दी करार अन्तर्गतका तपशिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित),२०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**तपशिल:**

| सि.नं. | विज्ञापन नं. | पद | तह/श्रेणी | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १४/२०८१/०८२ | मेडिकल अधिकृत | अधिकृत आठौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको। | ३ जना | दरबन्दी करार |

**निम्न:**

१.दरखास्त बुझाउने विधि र स्थान : यस अस्पतालको प्रशासन शाखामा दरखास्त फारम उपलब्ध हुनेछ वा अस्पतलको बेवसाईटः gulmihospital.lumbini.gov.np मार्फत डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नु पर्ने कागजातहरु सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ। स्थानःगुल्मी अस्पताल

२.दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु:- उम्मेदवारको व्यत्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,नेपाली नागरिताको प्रमाणित प्रतिलिपी,अनुभवको प्रमाणित प्रतिलिपी,प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपीहरुको पछाडि पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाँचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो सहित पेश गर्नु पर्नेछ।

३.दरखास्त दस्तुरः आठौ तहको लागि रु १,०००/-(एक हजार मात्र) गुल्मी अस्पताल विकास समितीको खाता नं. ३०१०१००२०२०७०००१ रा.बा.बैंक तम्घास शाखामा बुझाउनु पर्नेछ।

४.दरखास्त दिने अन्तिम मिति :२०८२।०२।०८ गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म।

५.छनोटको आधार र प्रकृयाः संक्षिप्त सूचि र अन्तर्वाता(संक्षिप्त सूचीमा परेकालाई अन्तर्वाताको लागि छनौट गरिनेछ)।

६.सम्पर्क मिति र स्थानः– दरखास्त पेश गर्ने अन्तिम मितिको भोलि पल्ट। स्थानः गुल्मी अस्पताल।

७.उम्मेदवारको उमेरको हद : २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।

८.पदमा रही गर्नुपर्ने कामको विवरणः सेवा,समूह सम्बन्धि।

९.तलबः–नेपाल सरकारले प्रचलित स्केल बमोजिम।

१०.अन्तर्वाताको सूचनाः संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामवली प्रकाशन तथा अन्तर्वाताको सूचना अस्पतालको वेभसाइट gulmihospital.lumbini.gov.np मा प्रकाशन गरिनेछ।

११.अन्तर्वार्ताको मिति,समय र स्थान : अन्तर्वाताको लागि मिति,समय र स्थान स्वास्थ्य मन्त्रालय,राप्ती उपत्यका (देउखुरी) दाङ्गले तोक्नेछ।

नोटः सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पतालको प्रशासन शाखामा (सम्पर्क नं.०७९५२००२४) सम्पर्क गर्नुहोला।

**अस्पताल प्रमुख**